# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७६।०६।०१ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर शिक्षा शाखामा कार्यरत विद्यालय निरीक्षक शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिराका शिक्षक वीरेन्द्र महरा चमारले कुनै पनि परीक्षाहरू नदिई दस्तुरको बहानामा रू.४,००,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरू र निज राजेश्वर प्रसाद चौरसियासँगको मिलेमतोमा आफू कार्यरत नै नरहेको श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरा पर्सामा आफ्नो तलब भत्तासमेत निकासा गरी गराई गैरकानूनी ढंगबाट रू. १,८५,३६०।- तलब भत्ता भुक्तानी लिइखाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज विरेन्द्र महरा चमारउपर घुस रिसवतवापत दिएको रकम रू.४,००,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,८५,३६०।- समेत गरी विगो रू.५,८५,३६०।-(पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवतवापत दिएको रकम रू.४,००,०००।- ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी पुगेको विगो रू.१,८५,३६०।-(एक लाख पचासी हजार तीन सय साठी) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले विरेन्द्र महरा चमारसँग विभिन्न दस्तुरहरूको बहानामा गैरकानूनी लाभ घुस रिसवत वापत रू. ४,००,०००।- लिएर नक्कली तथा गलत कागजातहरू उपलव्ध गराई सोही गलत कागजातहरूका आधारमा श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा कार्यरत नै नरहेका निज विरेन्द्र महरा चमारसमेतले तलब भत्ता प्राप्त गर्ने गरी वदनियतसाथ रू.१,८५,३६०।-निकासा गरी गराई तलव भत्ता भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा घुस रिसवत लिएको रकम रू. ४,००,०००।- र आफ्नो अधिकारको दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.१,८५,३६०।- समेत गरी विगो रू.५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.४,००,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम

असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी पुगेको विगो रू.१,८५,३६०।- (एक लाख पचासी हजार तीन सय साठी ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढवा विर्ता पर्साका भूतपूर्व प्रधानाध्यापक महेश प्रसाद यादव र श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिराका प्रधानाध्यापक हकिम अन्सारीसमेतले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रुपमा तलवभत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिका निर्वाह गरेको देखिई निज प्रतिवादीहरू महेश प्रसाद यादव र हकिम अन्सारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रू.१,८५,३६०।-(एक लाख पचासी हजार तिन सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**